आज मिति २०७८।०७।१३ गते शनिवार का दिन यस हिलिहाङ गाउँपालिकाको कार्यालय, पंचमी पाँचथरका अध्यक्ष श्री भूवानी प्रसाद लिङदेन ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०७८/७९ को चौथो कार्यपालिका बैठक द्वारा तल उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहायनुसारका निर्णयहरु पारित गरियो।

**<u>उपस्थिति :</u>**

१. अध्यक्ष : श्री भूवानी प्रसाद लिङदेन ........................................................................................

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेढाई ........................................................................................

३. वडा अध्यक्ष : श्री गोपीकृष्ण भण्डारी ........................................................................................

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ........................................................................................

५. वडा अध्यक्ष : श्री मदन गौतम ..........................................................................................

६. कार्यवाहक वडा अध्यक्ष : श्री मेनुका देवी बजगाईं ...........................................................................

७. वडा अध्यक्ष : श्री लक्ष्मी प्रसाद सुहाङ ........................................................................................

८. वडा अध्यक्ष : श्री कृष्ण ब. यवा ..............................................................................................

९. वडा अध्यक्ष : श्री तिलबिक्रम ईधिङगो ........................................................................................

१०. का पा सदस्य श्री कामुदा गुरुङ ...............................................................................................

११. का पा सदस्य श्री माया कन्दङवा ..............................................................................................

१२. का पा सदस्य श्री विष्णुकला उभरकोटी ........................................................................................

१३. का पा सदस्य श्री टिकाराम धमला ...........................................................................................

१४. का पा सदस्य श्री दुर्गामाया परियार ...........................................................................................

१५. सदस्य सचिव श्री बिक्रम लिम्बु ................................................................................................

प्रस्तावहरु:-

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, आदेश, निर्देशन तथा मागपत्रहरुको जानकारी सम्बन्धमा ।

२. नदीजन्य पद्दार्थ तर्फको आय संकलन सम्बन्धमा ।

३. प्रशासकीय भवन निर्माण सम्बन्धी संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्विकृत गर्ने सम्बन्धमा ।

४. प्रशासकीय भवन निर्माणको लागत अनुमान, ड्रईङ तथा डिजाईन स्विकृत गर्ने सम्बन्धमा ।

५. आ व २०७८/७९ को बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्ययोजना स्विकृत गर्ने सम्बन्धमा ।

६. पालिका स्तरीय स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन सम्बन्धमा ।

**निर्णय नं. - १**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हालसम्म प्राप्त भएका तपसिल अनुसारका निर्देशन, परिपत्र तथा मागहरु यस कार्यपालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृत द्वारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्यज्यूहरुलाई जानकारी गराईयो । उक्त महत्वपूर्ण विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमद्वारा सम्बन्धित सरोकारवालाहरु सम्म पुर्याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो ।

| क्र स | पत्र पठाउने निकाय | पत्रको संक्षिप्त व्यहोरा | पत्राचार मिति |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय पाँचथर | मृत्यू, वेपत्ता तथा विस्थापित परिवार तथा व्यक्तिहरुलाई राहत उपलब्ध गराउने जानकारी | २०७८।०७।११ |
| २ | सं मा. तथा सा. प्र. म. वातावरण तथा विपद व्यवस्थापन शाखा | क्षतिको विवरण पठाउने सम्बन्धमा | २०७८।०७।०९ |
| ३ | सं मा. तथा सा. प्र. म. वातावरण तथा विपद व्यवस्थापन शाखा | विपदबाट प्रभावितलाई उद्धार तथा राहत सम्बन्धी नेपाल सरकार मन्त्रीपरिषदको निर्णय कार्यान्वयन सम्बन्धमा | २०७८।०७।०७ |
| ४ | नेपाल सरकार स्वास्थ्य बीमा बोर्ड | स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयन सम्बन्धमा | २०७८।०७।१० |
| ५ | प्रदेश सरकार सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालय धनकुटा | कार्यशालामा सहभागी पठाइदिनु हुन । | २०७८।०७।०५ |
| ६ | नेपाल सरकार राष्ट्रिय भूमि आयोग | भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन सम्बन्धमा प्रदेश स्तरीय समीक्षा तथा आगामी कार्ययोजना निर्माण सम्बन्धी एक दिवसीय गोष्ठीमा उपस्थित हुने सम्बन्धमा । | २०७८।०७।११ |

**निर्णय नं. - २**

आ. व. २०७८/०७९ मा नदीजन्य पद्धार्थ तर्फको आय संकलन गर्न कार्यालयले पहिलो पटक मिति २०७८/०५/२३ गते आन्तरिक आय तर्फको सिलबन्दी दरभाउपत्र आहवानको सूचना प्रकाशन गरेकोमा तोकिएको म्यादभित्र कुनैपनि दरभाउपत्र पेश नभएकाले पुन दोस्रो पटक मिति २०७८/०६/०७ गते सूचना प्रकाशन हुँदा समेत कुनैपनि दरभाउपत्रदाताहरुले म्यादभित्र दरभाउपत्र पेश नगरेका कारण नदीजन्य पद्धार्थ तर्फको आय संकलन गर्न प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE) मा तोकिएका क्षेत्रहरुबाट प्रदेश नं १ आर्थिक ऐन २०७८ मा उल्लिखित दरलाई आधार मानी देहायनुसार हुने गरी गाउँ कार्यपालिकाको कार्यालय मार्फत रसिद छपाई सम्बन्धित वडाहरु बाट नै बालुवा संकलन तथा बिक्री मार्फत आन्तरिक आय वन्दोस्त गर्ने निर्णय गरियो ।

तपसिल

| सि. न. | शीर्षक | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | बालुवा | प्रति घन मिटर ($M^3$) | रु १६७.५८/- (अक्षरेपी रु एक सय सड्सठी रुपैया अन्ठाउन्न पैसा मात्र) | मु. अ. कर (13%) र अग्रिम आय कर (1.5%) बाहेक |

**निर्णय नं.- ३**

वातावरण संरक्षण ऐन २०७६ र यस गाउँपालिकाको स्विकृत संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७ अनुरुप यस कार्यालयले प्रस्ताव गरेको तपसिलका आयोजनालाई कार्यान्वयन गर्न निम्नानुसारका परामर्शदाताले तयार गरी छलफल तथा सुझावका लागि यस कार्यपालिका बैठकमा पेश गरेको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन (BESR) लाई स्विकृति प्रदान गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो।

तपसिल :

| क्र स | प्रस्तावित आयोजना तथा कार्यक्रमहरु | प्रतिवेदन | परामर्शदाता |
|---|---|---|---|
| १. | हिलिहाङ गाउँपालिकाको मुख्य प्रशासनिक भवन निर्माण आयोजना | संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन - २०७८ (BES Report) | श्री Dream Engineers Pvt. Ltd, Panchthar |

**निर्णय नं. - ४**


गाउँपालिकाको मुख्य प्रशासनिक भवन निर्माणका लागि स्विकृत विस्तृत परियोजना प्रतिवेदन र माटो परिक्षणका आधारमा प्राविधिकहरुले निम्नानुसार पेश गरेको लागत अनुमान, ड्रईङ तथा डिजाईनलाई स्विकृत गरी सोहि बमोजिम हुनेगरी प्रशासनिक भवन निर्माण खरिद प्रकृया तुरुन्तै अघि बढाउने निर्णय गरियो।


(क) प्रस्तावित भवनको कुल लागत अनुमान (भ्याट सहित) रु = ११,०६,१३,७२३.५८/- (रु एघार करोड छ लाख तेह्र हजार सात सय तेईस रुपैया अन्ठाउन्न पैसा मात्र) लाई स्विकृति प्रदान गर्ने निर्णय गरियो।

(ख) प्रस्तावित भवनको डिजाईन निम्नानुसार राख्ने निर्णय गरियो।

| | |
|---|---|
| क्षेत्रफल | प्लीन्थ एरिया = ६०० व. मि / कभरेज एरिया = ३६०० व. मि |
| तला संख्या | ४ तला |
| कोठा संख्या | ३२ वटा |
| मोडेल | SMRF / LIFT SYSTEM |


(ग) प्रस्तावित भवनको निम्नानुसारको ड्रईङ/नक्शा लाई स्विकृत गर्ने निर्णय गरियो ।







**SECTION ABOUT X-X**

| CLIENT: | CONSULTANT: | | | | | | | TITLE: SECTION | SHEET NO. |
|---|---|---|---|---|---|---|---|---|---|
| | Ojha Engineering Services Pvt. Ltd.<br>Madhyapur Thimi-17, Bhaktapur | | | | | | | | |




# RETAINING WALL DETAILS




# HIGHEST RETAINING WALL

| CLIENT: | CONSULTANT: | | | | | | | TITLE: RETAINING WALL | SHEET NO. |
|---|---|---|---|---|---|---|---|---|---|
| | Ojha Engineering Services Pvt. Ltd.<br>Madhyapur Thimi-17, Bhaktapur | | | | | | | | |

## निर्णय नं. - ५

हिलिहाङ गाउँपालिकाको आ व २०७८/७९ को बहुक्षेत्रीय पोषण योजना एकिकृत वार्षिक कार्ययोजना लाई स्विकृत गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

हिलिहाङ गाँउकार्यपालिका

आ.ब.२०७८/७९

ब.क्षे.पो.यो. बहुक्षेत्रिय पोषण योजना कार्यक्रमको एकिकृत बार्षिक कार्ययोजना

| सि.नं. | बिषयगत क्षेत्रको क्रियाकलापहरु | इकाई | परिमाण | प्रति इकाई मूल्य रु. (हजारमा) | जम्मा रकम रू. (हजारमा) | श्रोत (नेपाल सरकार ,प्रदेस,स्थानीय तह र अन्य बिकास साझेदार)रकम खुलाउने |
|---|---|---|---|---|---|---|
| १ | **(क) शासकीय प्रबन्ध** | | | | | |
| १.१ | पालिका स्तरीय पोषण तथा खाद्ध सुरक्षा निर्देशक समितिको बैठक | पटक | 3 | २०९०० | ६२७०० | नेपाल सरकार |
| १.२ | वडास्तरिय पोषण तथा खाद्ध सुरक्षा निर्देशक समितिको बैठक | पटक | २१ | ९००० | १८९००० | नेपाल सरकार |
| १.३ | पोषण सहजकर्ताकोलागि पारिश्रमिक,पोशाक ,संचार | | 1 | २३००० | २७६००० | नेपाल सरकार |
| १.४ | पोषण सन्देस होर्डिङ बोर्ड निर्माण | पटक | ४ | ३००००० | १२०००० | स्थानिय |
| १.५ | पोषण सम्बन्धि बाल अनुदानको प्रभावकारी उपयोगका लागी आमा तथा शिशु स्याहारकर्ताहरु लाई पोषण सम्बन्धि अभिमुखिकरण | पटक | 7 | २०००० | १४०००० | स्थानिय |
| २ | **(ख)महिला /बालबालिका** | | | | | |
| २.१ | बालबिबाह निवारणको लागि अभिभावक तथा किशोरकिशोरिहरुलाइ अभिमुखिकरण | पटक | 7 | २०००० | १४०००० | स्थानिय |
| २.२ | महिला सहकारि तथा समुहका महिलाहरुलाइ आयआर्जन तथा पोषण सम्बन्धि तालिम | पटक | 7 | २५००० | १७५००० | नेपाल सरकार |
| २.३ | पोषण सुधारका लागि बिपन्न समुदायका महिला समुह वा सहकारिहरुलाइ बिपन्न सदस्यहरुको आयआर्जन सुधार कार्यक्रम गर्न अनुदान | जना | 25 | २५००० | ६२५००० | नेपाल सरकार |
| ३ | **(ग)स्वास्थ्य** | | | | | |
| ३.१ | भिटामिन ए कार्यक्रम सन्चालन खर्च | पटक | 2 | २४०० | ४८०० | नेपाल सरकार |
| ३.२ | पोषण कार्यक्रम लेखाजोखा अन्तर्गत म.स्वा.से. हरुलाइ यातायात खर्च | जना | 3 | ६००० | १८००० | नेपाल सरकार |
| ३ | षोषण बिषेष(स्वास्थ्य) कार्यक्रम संचालन | | | ५००००० | ५००००० | नेपाल सरकार |
| ४ | **(घ)शिक्षा** | | | | | |
| 4. 1 | स्थानिय खाद्ध प्रवर्धन अन्तर्गत पोषिलो दिवाखाजा तयारिका लागि बालकेन्द्रहरुमा ग्याँसचुलो बितरण | | ३४ | ८००० | २७२००० | नेपाल सरकार |
| ४.२ | बिद्यालय किशोरि आइरन चक्कि बितरण समिक्षा कार्यक्रम तथा ढुवानि समेत | | | ३७५०० | ३७५०० | नेपाल सरकार |
| ५ | **(ङ)कृषि बिकास** | | | | | |
| ५.१ | हजारदिनका महिला तथा किशोरि लक्षित च्याउको बिउ बितरण तथा ढुवानि | | | | १००००० | नेपाल सरकार |
| ५.२ | सुनौला हजार दिनका आमा लक्षित तरकारि तथा पोषिलो फलफुलका बिउ बितरण | | | | २००००० | नेपाल सरकार |
| ६ | **(च)खानेपानी /सरसफाई** | | | | | |
| ६.१ | पोषण सुधारका लागि बिद्यालयमा खानेपानि तथा सरसफाइ योजना निर्माण | | | | ८००००० | नेपाल सरकार |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | **(छ)पशुपंक्षी बिकास** | | | | | |
| ७.१ | संस्थागत सुत्केरि आमा सम्मान कार्यक्रम अन्तर्गत 1.5 केजि घ्यु बितरण | जना | 200 | १२०० | २४०००० | नेपाल सरकार |
| ७.२ | सुनौला हजारदिनका आमालाइ स्थानिय कुखुरापालन तथा मासु उत्पादनमा २ पोथि १ भाले (३ केजि )बितरण | जना | २०० | 2000 | ४००००० | स्थानिय |
| | ससर्त अनुदान बाट रु ३५०००००।- र स्थानिय बाट रु ८०००००।- | | | | ४३००००० | |
| | अक्षरुपि त्रिचालिस लाख | | | | | |

**<u>निर्णय नं. - ६</u>**

स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम २६ बमोजिम पालिकामा स्वास्थ्य बीमा कार्यक्रमलाई संयोजन गर्न देहाय बमोजिमको पालिका स्तरिय स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन गर्ने निर्णय गरियो।

(क) हिलिहाङ गाउँपालिका अध्यक्ष श्री भुवानी प्रसाद लिङदेन - संयोजक
(ख) वडाध्यक्ष श्री तीलबिक्रम ईधिङगो - सदस्य
(ग) सेवा प्रदायक संस्था प्रतिनिधि श्री संगिता जबेगु - सदस्य
(घ) महिला स्वास्थ्य स्वयंसेविका श्री फुलमाया योङहाङ - सदस्य
(ङ) स्वास्थ्य संयोजक श्री चन्द्र प्रसाद घिमिरे - सदस्य
(च) दर्ता अधिकारी स्वास्थ्य बीमा बोर्ड श्री ............. - सदस्य
(छ) प्रमुख प्रशासकीय अधिकृत श्री बिक्रम लिम्बु - सदस्य सचिव